**आकाशवाणी समाचार**

**December 06, 2026**

**प्रमुख समाचार**

1. प्रधानमन्त्रीले अत्याधुनिक सुविधाहरू आत्मनिर्भर भारतको भावना अनुरूप भएको बताउनुभयो
2. भारतीय विदेशमन्त्री र लक्जमबर्गको प्रधानमन्त्रीबीच भेटवार्ता
3. निर्वाचन आयोगले SIR पछि उत्तर प्रदेशका लागि जारी गऱ्यो मस्यौदा मतदात सूची
4. शिक्षामन्त्रीद्वारा देशका पाँच प्रमुख भाषाहरूलाई प्रतिनिधित्व गर्ने ५५ दुर्लभ साहित्यिक कृतिहरूको गर्नुभयो विमोचन
5. एन्टिबायोटिकको अत्यधिक प्रयोग घातक हुने अग्रणी चिकित्सा विज्ञहरूको चेतावनी

**PM- RESIDUE FACILITY**

प्रधानमन्त्री नरेन्द्र मोदीले आन्ध्र प्रदेशको विशाख रिफाइनरीमा हिन्दुस्तान पेट्रोलियम कर्पोरेशन लिमिटेडको अवशिष्ट अपग्रेडेशन सुविधाको सफल सञ्चालनका लागि प्रशंसा गर्नुभएको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीको सामाजिक सञ्जाल पोस्ट सेयर गर्दै, प्रधानमन्त्रीले यो अत्याधुनिक सुविधाले आत्मनिर्भर भारतको भावनासँग मेल खाने ऊर्जा स्वतन्त्रता बढाउने राष्ट्रको प्रयासलाई गति दिने बताउनुभयो। श्री पुरीले यो सुविधा स्वदेशी इन्जिनियरिङको उत्कृष्ट सृजना हो भनी प्रकाश पार्दै, यसमा तीनवटा एलसी-म्याक्स रिएक्टर छन् र ती सबै भारतमै निर्माण र जडान गरिएका हुन् भनी जानकारी दिनुभयो।

**JAISHANKAR**

विदेशमन्त्री डा. एस जयशंकरले आज लक्जमबर्गका प्रधानमन्त्री लुक फ्राइडेनलाई भेट्नुभयो। डा. जयशंकरले भारत र लक्जमबर्गबीच वित्तीय सेवा, लगानी, प्रविधि र नवप्रवर्तनमा बढ्दो सहयोगबारे छलफल भएको जानकारी दिनुभयो। साथै, उहाँले लक्जमबर्गका प्रधानमन्त्रीलाई भारत-युरोपीय संघ सम्बन्धलाई बलियो बनाउन गरेको समर्थनका लागि धन्यवाद दिनुभयो।

**UP-SIR**

निर्वाचन आयोगले विशेष सघन संशोधन, SIR पछि उत्तर प्रदेशका लागि मस्यौदा मतदाता सूची जारी गरेको छ। आज दिउँसो लखनऊमा पत्रकार सम्मेलनमा मिडियालाई विवरण दिँदै, उत्तर प्रदेशका राज्य निर्वाचन अधिकारी नवदीप रिण्वाले मस्यौदा मतदाता सूचीमा १२ करोड ५५ लाख ५६ हजार २५ मतदाताको नाम रहेको जानकारी दिनुभयो। उहाँले दिएको जानकारी अनुसार विद्यमान मतदाता सूचीका ८१.३० प्रतिशत मतदाताले फारम भरेर नयाँ मस्यौदा मतदाता सूचीमा आफ्नो नाम दर्ता गराएका छन्। विद्यमान मतदाता सूचीमा कुल १५ करोड ४४ लाख ३० हजार ९२ मतदाता थिए।

**EC-WB**

निर्वाचन आयोगले पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीलाई मतदाता सूचीमा कथित डेटा असंगति वा तार्किक विसंगतिसँग सम्बन्धित सबै सूचना तुरुन्तै डाउनलोड गरेर राज्यमा चलिरहेको विशेष गहन संशोधन, SIR प्रक्रियामा आगामी चारदेखि पाँच दिनभित्र सम्बन्धित मतदाताहरूकहाँ पुऱ्याउन कडा निर्देशन दिएको छ। यस काममा कुनै पनि लापरवाही सहन नगरिने स्पष्ट पारिएको छ। यस निर्देशनको प्रतिक्रियामा, राज्यको मुख्य निर्वाचन अधिकारीको कार्यालयले सबै जिल्ला निर्वाचन अधिकारीहरूलाई नोट पठाएको छ। आजदेखि, प्रत्येक विधानसभा क्षेत्रमा कति तार्किक विसंगति सूचनाहरू पठाइयो भन्नेबारे विस्तृत रिपोर्ट दैनिक पेश गर्नुपर्ने भनिएको छ।

**PRADHAN**

शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आज देशका पाँच प्रमुख भाषाहरू तमिल, तेलुगु, मलयालम, कन्नड र उडियाकलाई प्रतिनिधित्व गर्ने ५५ दुर्लभ र बहुमूल्य साहित्यिक कृतिहरू विमोचन गर्नुभयो। यी पुस्तकहरू केन्द्रीय भाषा संस्थानद्वारा प्रकाशित गरिएका हुन्। नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै, श्री प्रधानले भारतका भाषाहरूले राष्ट्रको समाजलाई एकसाथ जोड्ने बताउनुभयो।

**ANTIBIOTICS**

देशका अग्रणी चिकित्सा विज्ञहरूले एन्टिबायोटिकको अत्यधिक प्रयोग र एन्टिमाइक्रोबियल प्रतिरोधको परिणामस्वरूप हुने समस्याबारे चेतावनी दिएका छन्। आकाशवाणी समाचारसँग कुरा गर्दै, अखिल भारतीय आयुर्विज्ञान संस्थान, एम्सका माइक्रोबायोलोजी विभागका प्रमुख डा. बिमल कुमार दासले धेरै ब्याक्टेरियाहरू सामान्यतया प्रयोग हुने एन्टिबायोटिक प्रतिरोधी बनेर अप्रभावी भएको बताउनुभएको छ।

**NITI AAYOG**

नीति आयोगले आज नयाँ दिल्लीमा आर्थिक वर्ष २०२५-२६ को पहिलो त्रैमासिकका लागि ट्रेड वाच त्रैमासिकको पाँचौँ संस्करण सुरु गरेको छ। प्रकाशनको पछिल्लो संस्करणले भारतको व्यापार प्रोफाइलमा उदीयमान संरचनात्मक परिवर्तनहरूलाई प्रकाश पार्दछ, जसमा प्रविधि-गहन निर्यातको बढ्दो योगदान, सेवा-नेतृत्व वृद्धिको निरन्तर सबल पक्ष, र विश्वव्यापी मूल्य श्रृङ्खलाहरूमा गहन एकीकरणलाई प्रतिबिम्बित गर्ने आयात संरचनामा परिवर्तनहरू समावेश छन्।

**INDIA ENERGY**

**भारत ऊर्जा सप्ताह २०२६** यस महिनाको २७ तारिखदेखि गोवामा आयोजना हुँदै छ। चारदिने यस कार्यक्रमले सरकारी नेतृत्ववर्ग, उद्योग कार्यकारी र नवप्रवर्तकहरूलाई सुरक्षित, दिगो र किफायती ऊर्जा भविष्यलाई अगाडि बढाउन एकसाथ ल्याउनेछ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले यो कार्यक्रम ऊर्जा सुरक्षालाई सुदृढ पार्ने, लगानीलाई उत्प्रेरित गर्ने र डिकार्बोनाइजेसनका लागि व्यावहारिक र स्केलेबल मार्गहरू अगाडि बढाउने कुरामा केन्द्रित रहने बताएको छ। अमेरिका, युरोप, मध्यपूर्व, अफ्रिका र एशिया-प्रशान्त क्षेत्रका प्रतिनिधिमण्डलहरूले कार्यक्रममा भाग लिने अपेक्षा गरिएको छ।

**GOYAL CONCLAVE**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज नयाँ दिल्लीमा पोषण सुरक्षा र कुपोषण न्यूनीकरणबारे कर्पोरेट सामाजिक उत्तरदायित्वको भूमिका विषयक CSR सम्मेलनको उद्घाटन गर्नुभयो। यस अवसरमा बोल्दै, श्री गोयलले गर्भावस्थामा उचित पोषण सुनिश्चित गरेर कुपोषण हटाउन सकिने बताउनुभयो। उहाँले कुपोषणलाई प्रभावकारी रूपमा कम गर्न यसका मूल कारणहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। श्री गोयलले सरकारले पूर्ण सरकारी दृष्टिकोणका साथ काम गरिरहेको र कुपोषण हटाउन कर्पोरेट सामाजिक उत्तरदायित्व पहलहरूले पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो।

**VAISHNAW-AI**

केन्द्रीय सूचना प्रविधि तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले जयपुरमा आयोजित कृत्रिम बुद्धिमत्ता सम्मेलनलाई भर्चुअल रूपमा सम्बोधन गर्दै, कृत्रिम बुद्धिमत्ता, एआई, स्वास्थ्य सेवा, शिक्षा, कृषि, उत्पादन, शासन र पूर्वाधारजस्ता क्षेत्रहरूमा परिवर्तनकारी शक्तिका रूपमा उदाइरहेको बताउनुभएको छ। उहाँले एआई भविष्यको प्रविधि मात्र नभई शक्तिशाली उपकरण हो, जसले पहिले नै मानव जीवन र कार्य ढाँचालाई पुन: आकार दिइरहेको पनि जानकारी दिनुभयो। श्री वैष्णवले पहिले बेलायत, दक्षिण कोरिया र फ्रान्समा आयोजना गरिएको **ग्लोबल एआई इम्प्याक्ट समिट** अर्को महिना भारतमा आयोजना हुने जानकारी दिनुभयो।

**JITIN-AI**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि राज्यमन्त्री जितिन प्रसादले आज जयपुरको जेईसीसीमा क्षेत्रीय एआई प्रभाव सम्मेलन २०२६ लाई सम्बोधन गर्दै, कृत्रिम बुद्धिमत्ताले मानव जीवनमा ठूलो परिवर्तन ल्याइरहेको बताउनुभयो। उहाँले एआई अब सबै क्षेत्रमा व्यापक रूपले प्रयोग भइरहेको र यसले गर्दा क्षमता निर्माण बढेको जानकारी दिनुभयो। श्री प्रसादले केन्द्रले **भारत एआई मिसन**-का लागि १० हजार करोड रुपियाँभन्दा बढीको बजेट विनियोजन गरिएको र यो मिसन स्वास्थ्य सेवा, कृषि र शिक्षाको क्षेत्रमा व्यापक परिवर्तन ल्याउन एआईको प्रयोगलाई प्रवर्धन गर्नमा केन्द्रित रहेको जानकारी दिनुभयो।

**BADMINTON**

भारतका स्टार ब्याडमिन्टन खेलाडी लक्ष्य सेन र आयुष शेट्टी क्वालालम्पुरमा जारी मलेसिया ओपन सुपर 750 ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलको दोस्रो चरणमा प्रवेश गरेका छन्। लक्ष्य सेन सिङ्गापुरका जिया हेङ जेसन तेहलाई जितेर दोस्रो चरणमा प्रवेश गरेका छन्। उनले भोलि हङकङका ली चेउक यिउसँग प्रतिस्पर्धा गर्नेछन्। त्यसैगरी, आज पुरुष एकलको पहिलो चरणको खेलमा आयुष शेट्टीले पेरिस ओलम्पिकका काँस्य पदक विजेता मलेसियाली खेलाडी ली जि जिया जियालाई २१-१२, २१-१७ ले पराजित गरे। तर, महिला एकलमा मालभिका बान्सोड सुरुवाती चरणमा सातौँ वरीयता प्राप्त थाइल्याण्डकी रत्चानोक इन्तानोनसँग ११-२१, ११-२१ ले पराजित भइन्। पुरुष युगलमा एमआर अर्जुन र हरिहरन अम्साकारुनन पनि आफ्नो सुरुवाती चरणको खेलमा जापानका हिरोकी मिदोरिकावा र क्योहेई यामाशितासँग १०-२१, २०-२२ ले पराजित भए।

**SQUASH**

स्क्वासमा, शीर्ष वरियता प्राप्त भारतीय खेलाडी अनाहत सिंहले आज सेमिफाइनलमा इजिप्टकी मलिका एल कराक्सीलाई सोझो सेटमा हराउँदै ब्रिटिश जुनियर ओपन स्क्वास च्याम्पियनशिपमा आफ्नो पहिलो महिला अन्डर-१९ फाइनलमा प्रवेश गरिन्। सुश्री सिंहले फाइनलमा युरोपेली जुनियर च्याम्पियन र दोस्रो वरियता प्राप्त फ्रान्सकी लरेन बाल्टायनसँग प्रतिस्पर्धा गर्नेछिन्। यो उमेर समूहहरूमा सिंहको नवौँ ब्रिटिश जुनियर ओपन फाइनल हुनेछ। उनी २००५ मा जोसना चिनप्पापछि अन्डर-१९ को उपाधि जित्ने दोस्रो भारतीय बन्ने दाउमा छिन्।

**प्रमुख समाचार पुनः एकपटक**

1. प्रधानमन्त्रीले अत्याधुनिक सुविधाहरू आत्मनिर्भर भारतको भावना अनुरूप भएको बताउनुभयो
2. भारतीय विदेशमन्त्री र लक्जमबर्गको प्रधानमन्त्रीबीच भेटवार्ता
3. निर्वाचन आयोगले SIR पछि उत्तर प्रदेशका लागि जारी गऱ्यो मस्यौदा मतदात सूची
4. शिक्षामन्त्रीद्वारा देशका पाँच प्रमुख भाषाहरूलाई प्रतिनिधित्व गर्ने ५५ दुर्लभ साहित्यिक कृतिहरूको गर्नुभयो विमोचन
5. एन्टिबायोटिकको अत्यधिक प्रयोग घातक हुने अग्रणी चिकित्सा विज्ञहरूको चेतावनी